अनुसूची– १६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री वाघदैंला चिसापानी सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ६, दाङ

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

चित्र बहादुर डाँगी
चित्र बहादुर डाँगी
अध्यक्ष

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०१/२६**

श्री वाघदैला चिसापानी सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं.-६, दाङको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसारआ.व. २०८१/०८२ मा उत्पादन भै बबई गा.पा. वडा नं. ६, वुटकेवा, दाङमा घाटगद्दी गरी राखिएको तपशिल वमोजिमको लट तथा परिमाणको गोलिया काठ जे- जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम-विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आधारित फर्म वा कम्पनीले यो सूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौ) दिन भित्र खरिद गरी २२ (बाईसौं) दिन सम्म सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

### तपसिल

१. वनपैदावारको विवरण

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम (रु) | | काठ संकलन खर्च (रु.) |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | घाङ नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | दररेट | मूल्य | |
| १ | २, ६ र ७ | साल | गोलिया | A | २१ | २८३.७८ | १२५० | ३५४७२५.०० | काठ प्रति क्यु.फि. १६०/- को दरले जम्मा रु. १,६०,६५६/- मात्र |
| | | | | B | १८ | २०७.२५ | ९०० | १८६५२५.०० | |
| | | | | C | ९१ | ३५९.८२ | ६०० | २१५८९२.०० | |
| | | | | D | ५१ | १५३.२५ | ३०० | ४५९७५.०० | |
| जम्मा | | | | | १८१ | १००४.१० | | ८०३११७.०० | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८२/०२/१५ गते ।
२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय
३. (क) अन्तिम मितिः२०८२/०२/१६ (ख) समय १२.०० बजे सम्म ।
४. बोलपत्र साथ कबुल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको शाईन रेसुङ्गा डेभलपमेण्ट बैंक लि. हापुरे शाखामा रहेको खाता नं. ०६३००१००३३९२९००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।
५. बोलपत्र फारम लट नं. १ को प्रति लट रु. १०००/- का दरले पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरि प्रत्येक लटको वोलपत्र फाराम भरी छुट्टाछुट्टै खामवन्दी गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

चित्र बहादुर डाँगी
चित्र बहादुर डाँगी
अध्यक्ष

६. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस वाघदैला चिसापानी सामुदायिक वन उपभोक्ता समूहको बबई गा.पा.-६, दाङमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डि.व.का. मा फर्म सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएतका आवश्यक कागजातहरु बोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ ।

८. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०२/१६ गते यस समूहको कार्यालयमा दिनको १.०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र साकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्दी कर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

१०.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११.बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समुहको अधक्ष्यको दस्तखत नभएको मान्य हुने छैन ।

१२.बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३.अन्य विस्तृत कुरा बुझ्नु परेमा यस समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।